# स्थानीय राजपत्र


## रुवी भ्याली गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः ६ धादिङ, बागमती प्रदेश, नेपाल, ०८ भाद्र २०७९ साल ( संख्याः०५)**

**भाग-२**


## रुवी भ्याली गाउँपालिकाको माध्यमिक विद्यालयहरुमा अतिरिक्त कक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९

### प्रस्तावना

रुवीभ्याली गाउँपालिका अन्तर्गतका माध्यमिक विद्यालयहरुमा नियमित कक्षामा अतिरिक्त कक्षा थप गरि कराते शिकाई कक्षा थप गरि विद्यार्थीहरुमा शारीरिक तथा मानशिक दन्तुरुस्त राख्दै स्वस्थ जीवनशैली र शिक्षालाई संगसगै विद्यालय स्तरबाट जोड्ने उदेश्यका साथ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रहि कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरि लागु गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (क) यस मापदण्डको नाम " माध्यमिक विद्यालयहरुमा अतिरिक्त कक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९" रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**२. परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "अध्यक्ष" भन्नाले गाउँपालिका अध्यक्षलाई बुझाउनेछ ।

(ख) "उपाध्यक्ष" भन्नाले गाउँपालिका उपाध्यक्षलाई बुझाउनेछ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत र निजको अनुस्पस्थितिमा निमित्त प्रमुख प्रशासकीय अधिकृत भई काम गर्ने कर्मचारीलाई समेत बुझाउने छ ।

(घ) "वडा अध्यक्ष" गाउँपालिकाको वडा पालिकाको अध्यक्षलाई बुझाउनेछ ।

(ङ) "गाउँपालिका" भन्नाले रुवीभ्याली गाउँपालिकालाई बुझाउनेछ ।

(च) "वडा कार्यालय" भन्नाले रुवी भ्याली गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुलाई बुझाउनेछ ।

(छ) "अतिरिक्त कक्षा" भन्नाले विभिन्न खेलकुद, कला, संगीत तथा नृत्य जस्ता अतिरिक्त शिकाई कार्यक्रमलाई जनाउनेछ ।

(ज) "प्रशिक्षक" भन्नाले अतिरिक्त कक्षा सञ्चालनका लागि नियुक्त अतिरिक्त कक्षा सञ्चालन गर्ने शिक्षक तथा शिक्षण सहयोगीलाई बुझाउनेछ ।

(झ) "व्यवस्थापन समिति" भन्नाले रुवीभ्याली गाउँपालिकाको विद्यालय सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ बमोजिम गठित समिति सम्झनु पर्दछ ।

## परिच्छेद २

## प्रशिक्षक पदपूर्ति

**३. करारमा पदपूर्तिः** गाउँपालिकाको माध्यमिक विद्यालयहरुका लागि आवश्यक प्रशिक्षक प्रतिस्पर्धात्मक प्रतियोगिताद्धारा गाउँपालिकाले छनौट गरि करार सेवामा पदपूर्ति गरिने छ ।

**४. न्युनतम योग्यताः** करार सेवामा लिइने प्रशिक्षकका लागि आवश्यक न्यूनतम योग्यता देहाय बमोजिम हुनेछ ।

(१) अतिरिक्त कक्षा सञ्चालनका लागि नियुक्त हुने प्रशिक्षकका लागि योग्यता

- (क) नेपाली नागरिकताको प्रमाणपत्र ।
- (ख) न्यूनतम कक्षा ८ उतीर्ण गरेको ।
- (ग) कार्यानुभव भएको ।
- (घ) सम्बन्धित अतिरिक्त कक्षाको एडभान्स लेभल पास भएको ।

(ङ) १८ बर्ष पूरा भै ४० बर्ष ननाघेको ।

## परिच्छेद ३
## छनौट प्रक्रिया

**५. दरखास्त आव्हानः** (१)गाउँपालिकाकाले बढीमा १५ दिनको समय सिमा तोकी पदपुर्ति समितिले निर्धारण गरेको ढाँचामा दरखास्त आव्हान गर्नेछ वा सम्बन्धित विद्यालयलाई अनुमति दिन सक्नेछ ।

(२) दरखास्त आव्हानको सूचना गाउँपालिकाको वेभसाइट र सूचना पाटीमा प्रकाशन गरिने छ ।

(३) दरखास्त फारामको हकमा ५००। गाउँपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गरेको भौचर दरखास्त सँगै पेश गर्नु पर्नेछ ।

**६. प्रतियोगितात्मक जाँचको अंक विभाजनः** प्रशिक्षक छनौट गर्दा देहाय अनुसारको अङ्क प्रदान गरिनेछ ।

(१) प्रशिक्षक छनौट गर्दा देहाय अनुसार अङ्क विभाजन गरि छनौट गरिनेछ ।

(क) स्थानीय बासिन्दा बाबत- १० अङ्क

(ख) सीप परिक्षण - १० अङ्क

(ग) अनुभव - १० अङ्क

(घ) अन्तर्वार्ता -२० अङ्क

(२) स्थानीय बासिन्दा बापतको १० अङ्क मध्ये रुवी भ्याली गाउँपालिकाको बासिन्दालाई १० अङ्क, धादिङ जिल्ला वासीलाई ५ अङ्क र अन्यलाई ३ अङ्क विभाजन गरिनेछ ।

(३) १० बर्ष वा सो भन्दा बढी अनुभवलाई १० अङ्क, ५-१० बर्षसम्मको अनुभवलाई ८ अङ्क र ५ बर्षसम्म अनुभव भएका उम्मेदवारलाई ५ अङ्क विभाजन गरिनेछ ।

## परिच्छेद ४
## पदपुर्ति समिति

७. (१) प्रशिक्षक छनौट गर्न देहाय बमोजिमको पदपूर्ति समिति रहनेछ ।

(क) प्रमुख प्रशासकिय अधिकृत- संयोजक

(ख) शिक्षा तथा खेलकुद शाखा प्रमुख- सदस्य

(ग) सम्बन्धित क्षेत्रका जिल्ला स्तरीय समिति/संघको प्रतिनिधि- सदस्य

(घ) प्रशासन शाखा- सदस्य सचिव

(२) पदपुर्ति समितिले आवश्यकता तथा बार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्य अनुसार पदको विज्ञापन गरि पदपुर्ति गरिनेछ । पदपूर्ति समितिले आवश्यक महसुस गरेमा सम्बन्धित क्रियाकलापसँग सम्बन्धित आधिकारिक जिल्ला संघ तथा समितिलाई छनौट गर्न अनुरोध गर्न सकिनेछ ।

(३) पदपुर्ति समितिले यस मापदण्ड बमोजिम पदपुर्ति गर्न योग्यता क्रम निर्धारण गरि अन्तिम योग्यता क्रमको सूची प्रकाशन गर्नेछ ।

(४) पदपुर्ति समितिले अन्तिम योग्यता क्रमको सूचिमा परेका उमेद्वारहरुसँग करार सम्झौता गर्न गाउँपालिकालाई सिफारिस गर्नेछ ।

(५) अन्तिम योग्यता क्रम तयार गर्दा बराबर अङ्क आएमा उमेद्वारहरुको उमेरको ज्येष्ठताका आधारमा क्रम निर्धारण गरिनेछ ।

(६) उपदफा (५) बमोजिम वरावर अङ्क पाउने उम्मेद्वारहरु महिला  पुरुष परेमा महिला उम्मेदवारको पहिलो प्राथमिकता निर्धारण गरिनेछ ।

(७) प्रशिक्षक छनौट गर्दा आवश्यकता अनुसार बैकल्पिक सूचि समेत प्रकाशित गर्नेछ ।

## परिच्छेद ५

## विविध

८. (१) यस मापदण्ड बमोजिम पदपुर्ती गर्दा कानुनी रुपमा बाधा अड्काउ पर्न आएमा सो बाधा अड्काउ फुकाउन गाउँपालिका अध्यक्ष समक्ष प्रस्तुत गरि निकासा गराउन सकिनेछ।

(२) कराते प्रशिक्षणका लागि प्रशिक्षकको सेवा सुविधा ब्ल्याक बेल्ट गरेका प्रशिक्षकका रु. २००००। वन डन गरेका प्रशिक्षकलाई मासिक २१०००।, टु डन गरेका प्रशिक्षकलाई मासिक रु.२२०००। र त्रि डन गरेका प्रशिक्षकलाई मासिक २४०००। का दरले वा  समय समयमा कार्यपालिका बैठकले यो कार्यविधि संशोधन गरि तोके बमोजिम हुनेछ ।

(३) अन्तरवार्ता समितिको काम पदपुर्ति समितले गर्नेछ ।

**आज्ञाले,**
नवीन कुमार गोले
प्रमुख प्रशासकीय अधिकृत